# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम १ सँग सम्बन्धित अनुसूची १३ बमोजिमको वार्षिक विवरण

१. **सञ्चालक समितिको वार्षिक प्रतिवेदन :**
सम्बन्धित शीर्षक अन्तर्गत राखिएको ।

२. **लेखापरीक्षकको प्रतिवेदन :**
सम्बन्धित शीर्षक अन्तर्गत राखिएको ।

३. **लेखापरीक्षण भएको वित्तीय विवरण :**
सम्बन्धित शीर्षक अन्तर्गत राखिएको ।

४. **कानुनी कारवाही सम्बन्धी विवरण :**

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए : यस्तो कुनै जानकारी प्राप्त भएको छैन ।

ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : यस्तो कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए : यस्तो कुनै जानकारी प्राप्त भएको छैन ।

५. **संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण :**

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : मुलुकको वर्तमान आर्थिक, सामाजिक एवं राजनीतिक गतिविधिहरुलाई विश्लेषण गरी हेर्दा शेयरको उक्त कारोबार समय सापेक्ष तथा सन्तोषजनक रहेको छ ।

(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर सङ्ख्या र कारोबार दिन : शेयर कारोवार सम्बन्धी त्रैमासिक विवरण तलको तालिकामा उल्लेख गरिएको ।

| त्रैमासिक विवरण | शेयरको अधिकतम मूल्य (रु.) | शेयरको न्यूनतम मूल्य (रु.) | शेयरको अन्तिम मूल्य (रु.) | कुल कारोबार शेयर सङ्ख्या | कुल कारोबार दिन |
|---|---|---|---|---|---|
| प्रथम त्रैमास (असोज मसान्त २०७२) | ४१२ | ३०४ | ३११ | १,११४,२४२ | ५६ |
| दोस्रो त्रैमास (पौष मसान्त २०७२) | ३३५ | २७५ | ३३३ | ३७१,१०४ | ५७ |
| तेस्रो त्रैमास (चैत्र मसान्त २०७२) | ३९५ | ३२० | ३६८ | ९१६,२३० | ५६ |
| चौथो त्रैमास (आषाढ मसान्त २०७३) | ५०२ | ३६३ | ४६१ | १,८६९,१९५ | ६४ |

६. **समस्या तथा चुनौति :**
देशमा विद्यमान संक्रमणकालीन राजनीतिक अवस्था र व्यापारिक एवं आर्थिक क्रियाकलापमा विद्यमान अन्यौतलताको अवस्थाले लगानीको वातावरण बन्न नसकिरहेको अवस्था छ भने मुद्रास्फीतिका कारण सञ्चालन खर्चमा बृद्धि हुने देखिएको छ ।

वित्तीय बजारमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, नियमित विद्युत आपूर्तिको समस्या, मुलुकको विद्यमान अस्थिर प्रणालीले गर्दा उत्पन्न भइरहेको लगानीको मैत्री वातावरण नहुनु, घर जग्गा कारोबारमा आएको गिरावट आदिलाई बैंकले चुनौतिको रुपमा लिएको छ ।

७. **संस्थागत सुशासन :**
संस्थागत सुशासन कायम राख्नको लागि बैंक सदैव प्रतिवद्ध रहेको छ। नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरुद्वारा जारी नीति, निर्देशनहरुलाई निरन्तर रुपमा पालना गर्दै जाने सम्बन्धमा बैंक सदा प्रतिवद्ध रहेको छ ।

८. **विवरणपत्रमा प्रक्षेपण गरिएको र लेखापरीक्षण भएको विवरणहरुमा बीस प्रतिशत वा सो भन्दा बढी फरक सम्बन्धी**

**विवरण :**

बैंकले विवरणपत्रमा प्रक्षेपण गरेका केही विवरणहरु प्रक्षेपण गरेभन्दा २० प्रतिशत वा सो भन्दा बढी फरक पर्न गएका छन्। प्रक्षेपित विवरण र लेखापरीक्षित विवरणहरुको तुलानात्मक स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

रु. हजारमा

| पूँजी तथा दायित्व | प्रक्षेपित (रु.) | लेखापरिक्षण पश्चात (रु.) | फरक % | २० % भन्दा बढी पर्नुको कारण |
|---|---|---|---|---|
| १. शेयर पूँजी | ४,३०१,६९६ | ३,२०९,७०० | -२५.३९ | समयमा हकप्रद शेयर जारी नभएकोले |
| २. जगेडा तथा कोषहरु | १८५,३६३ | १९२,००९ | ३.५९ | नगद लाभांश तथा बोनस शेयर प्रस्ताव गरिएकोले। |
| ३. ऋणपत्र तथा वण्ड | | | | |
| ४. तिर्न बाँकी कर्जा सापट | | | | |
| ५. निक्षेप दायित्व | ३६,०००,००० | २८,९६७,८४७ | -१९.५३ | बजारमा तरलताको अभावका कारण। |
| ६. भुक्तानी दिनु पर्ने विलहरु | | ५४,८२४ | १०० | वर्षको अन्त्यमा यस्ता विलहरु प्राप्त भएकाले |
| ७. प्रस्तावित नगद लाभाँश | | | | |
| ८. आयकर दायित्व | | १३,०८२ | १०० | कारोबारमा भएको बृद्धिको कारण |
| ९. अन्य दायित्व | १,१५०,५११ | २८६,५४१ | -७५.०९ | कारोबारमा भएको बृद्धिको कारण। |
| **कुल पूँजी तथा दायित्व** | ४१,६३७,५७० | ३२,७२४,००३ | | |

| सम्पत्ति | प्रक्षेपित (रु.) | लेखापरिक्षण पश्चात (रु.) | फरक % | २० % भन्दा बढी पर्नुको कारण |
|---|---|---|---|---|
| १. नगद मौज्दात | ८१०,००० | ८८९,३२० | ९.७९ | कारोबारमा भएको बृद्धिको कारण |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २,२५०,००० | ३,९९४,०६२ | ५८.४९ | कारोबारमा भएको बृद्धिको कारण |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | १,४४०,००० | ९३१,८९६ | -३५.२९ | सम्पत्तिको स्वरुपमा परिवर्तनका कारण |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | | | | |
| ५. लगानी | ४,५९०,००० | १,१८४,३०७ | -७४.२० | कारोबारमा भएको बृद्धिको कारण |
| ६. कर्जा सापट तथा विल्स खरीद | ३१,०८९,३०० | २४,७६७,९५२ | -२०.३३ | बजारमा तरलताको अभावका कारण कर्जा लगानीमा कमी। |
| ७. स्थिर सम्पत्ति (खुद) | ३५६,००७ | २५७,४३५ | -२७.६९ | शाखा सञ्चालन तथा कारोबारमा भएको कमीको कारण |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | | ३८,६८९ | १०० | गैर बैंकिङ्ग सम्पत्तिमा बृद्धि |
| ९. अन्य सम्पत्ति | ८३२,२६३ | ६६०,३४२ | -२०.६६ | सम्पत्तिको स्वरुपमा परिवर्तनका कारण |
| **कुल सम्पत्ति** | ४१,६३७,५७० | ३२,७२४,००३ | | |

## नाफा / नोक्सान हिसाव

| विवरण | प्रक्षेपित (रु.) | लेखापरिक्षण पश्चात (रु.) | फरक % | २० % भन्दा बढी पर्नुको कारण |
|---|---|---|---|---|
| १. ब्याज आम्दानी | २,७७१,१८३ | २,०१२,५०३ | -२७.३८ | आम्दानीमा आएको कमीको कारण । |
| २. ब्याज खर्च | १,४९७,६८१ | १,१३२,७१४ | -२४.३७ | खर्चमा आएको कमीको कारण । |
| **खुद ब्याज आम्दानी** | **१,२७३,५०२** | **८७९,७८९** | | |
| ३. अन्य सञ्चालन आम्दानी | २७०,००० | २७५,६४६ | २.०९ | आम्दानीमा आएको बृद्धिको कारण । |
| ४. कर्मचारी तथा अन्य सञ्चालन खर्च | ५९६,०४० | ४८७,६१८ | -१८.१९ | शाखा सञ्चालन तथा कारोबारमा भएको कमीको कारण । |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | **९४७,४६२** | **६६७,८१७** | | |
| ५. सम्भावित नोक्सानी व्यवस्थाहरु | १४२,९०३ | ८२,४८८ | -४२.२८ | निक्षेप तथा कर्जामा भएको स्वभाविक कमीको कारणले । |
| **सञ्चालन मुनाफा** | **८०४,५५९** | **५८५,३२९** | | |
| ६. गैर सञ्चालन आम्दानी / खर्च | ५२,३७४ | ६५७०६ | २५.४६ | गैर सञ्चालन आम्दानी आएको बृद्धिका कारण । |
| ७. कर्मचारी बोनस व्यवस्था | ७७,९०३ | ५९,१८५ | -२४.०३ | आम्दानीमा आएको कमीको कारण । |
| ८. आयकर व्यवस्था | २३३,७०९ | १७८,३१६ | -२३.७० | आम्दानीमा आएको कमीको कारण । |
| **खुद नाफा/नोक्सान** | **५४५,३२१** | **४१३,५३४** | | |
| शेयर संख्या (रु. हजारमा) | ४३,०१७ | ३२,०९७ | | |
| **प्रति शेयर आम्दानी** | **१२.६८** | **१२.८८** | | |

९. **नियम २२ को उपविनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण आर्थिक वर्षको अवधिमा उल्लेख भए अनुसारको विशेष घटना वा परिस्थिति सृजित भएको भए निम्न विवरणहरु समावेश गर्ने :**
विशेष घटना वा परिस्थिति सृजित भएको मिति : नभएको ।

घटना वा परिस्थितिको विस्तृत विवरण र बोर्डमा सूचना पेश भएको मिति : नभएको ।